म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २१८ बुधबार, २ चैत २०७८ त्रयोदशी ने. सं. ११४२ चिल्लाथ्व 16 March, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

प्रो: हिरालाल श्रेष्ठ ९८६५०१२५८८, ९८४५८८३५३३, ०५७-५२५८६३

**विशेष छुट ! विशेष छुट !! विशेष छुट !!!**

विशेषज्ञ डाक्टरहरुद्वारा नि:शुल्क चेकअप गर्नुहोला ।

**हाम्रो सेवाहरू:**

- डाक्टर सेवा: नि:शुल्क
- ल्याब टेष्टमा १५% छुट
- औषधीमा १०% छुट

त्यसैले आजनै सम्पर्क गरौं ।

यही मिति २०७८ चैत २३ गते संचालन हुदैछ ।

**देउराली फर्मा**

# हेटौंडाको मेयर बन्न पाँच पार्टीका ११ जनाको दौड



आनन्दराम पराजुली | भीमसेन महत | प्रभातकुमार दाहाल | अनन्त पौडेल | हरिबहादुर महत | रघुनाथ खुलाल | प्रल्हाद लामिछाने | मिनाकुमारी लामा

साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/ स्थानीय तहको चुनाव नजिकिँदै छ । दुई महिनापछि अर्थात् वैशाख ३० गते स्थानीय निकायको निर्वाचन मिति तोकिएको छ ।

मकवानपुरमा राजनीतिक दलहरु निर्वाचन केन्द्रित आ-आफ्नै रणनीतिअनुसार गतिविधिमा सक्रिय छन् । नेपाली कांग्रेस टोल-टोलमा कमिटी निर्माण गर्दै हिँडिरहेको छ । कांग्रेसले निर्वाचन लक्षित गरी वडा-वडामा पार्टी प्रतिनिधि खटाएको छ । 'घर-घर जाऔं, कांग्रेस जिताऔं' अभियानअन्तर्गत् हेटौंडा उपमहानगरपालिकाका वडाहरुमा प्रतिनिधिहरु खटाइएको हो । आसन्न स्थानीय तह निर्वाचनमा कांग्रेस जसरी पनि हेटौंडामा चुनाव जित्ने रणनीतिअनुसार अगाडि बढेको छ । कांग्रेस २०७४ सालको निर्वाचन मतपरिणामअनुसार दोस्रो शक्ति हो ।

हेटौंडाको पहिलो शक्तिका रुपमा एमाले छ । बागमती प्रदेशकै एकमात्र उपमहानगर हेटौंडामा एमाले र कांग्रेसबीच दमदार प्रतिस्पर्धा हुने गत निर्वाचनकै परिणामले देखाउँछ । आगामी निर्वाचनमा एमालेलाई विरासत जोगाउनु छ भने कांग्रेसलाई इतिहास रच्नु छ । कांग्रेसले हेटौंडामा हालसम्म निर्वाचन जित्न सकेको छैन । एमालेको सबैभन्दा धेरै मतदाता भएको स्थानीय तह हेटौंडा उपमहानगरपालिका हो । २०४६ मा बहुदल स्थापनापछि ०४९ र ०५४ मा भएको निर्वाचनमा हेटौंडामा एमाले बिजयी बनेको थियो । २० वर्षपछि २०७४ मा भएको निर्वाचनमा पनि एमालेका मेयर र उपमेयर नै निर्वाचित भए ।

पार्टी विभाजनपछि घाइते एमालेको बिरासत जोगाउन निर्वाचनमा को-को उम्मेदवार बन्दैछन भन्ने जनचासोको विषय बनेको छ । एमालेबाट संविधानसभा सदस्य अनन्त पौडेलदेखि ४ नम्बर वडाका अध्यक्ष नवीन सिग्देलपनि मेयरको आकांक्षी छन् । एमालेका पाँच नेताले उपमहानगरको कुर्सीमा आँखा लगाएको पाइएको छ । वर्तमान मेयर हरिबहादुर महत, संविधानसभा सदस्य पौडेल, जिल्ला समन्वय समिति प्रमुख रघुनाथ खुलाल, एमाले मकवानपुर अध्यक्ष एकालाल श्रेष्ठ र ४ नम्बर वडा अध्यक्ष सिग्देलले मेयर हुने इच्छा देखाएको पार्टी वृतमा चर्चा छ ।

संविधानसभा सदस्य तथा एमाले बागमती प्रदेशका संगठन विभाग प्रमुख अनन्त पौडेलले मेयर हुने इच्छा देखाएको चर्चा छ । पौडेल संविधानसभा सदस्यहरु मिलेर गठन गरिएको संस्था संविधानसभा सदस्य परिषद् संयोजक हुन् । उनले हेटौंडामा विकास निर्माणका ठूला/साना आयोजना, जनताका आवश्यकता, अपेक्षा पूरा गर्ने भन्दै आश्वासन बाँड्न थालिसकेको चर्चा छ । एक एमाले जिल्ला सदस्यका अनुसार पौडेलले पहिल्यैदेखि मेयर हुने तीव्र इच्छा बोकेका छन् । दोस्रो संविधानसभा सदस्यको निर्वाचनमा उनले माओवादी उम्मेदवारलाई पराजित गरेका थिए ।

मेयर महत पुन: चुनाव लड्ने उनको सचिवालयले जानकारी दिएको छ । मेयरको दौडमा जिसस प्रमुख खुलाल छन् । पौडेल र खुलाल एमालेभित्र ओली समूहका पुरानो अनुहार हुन् । मेयरका आकांक्षी महत, पौडेल र खुलाल आन्तरिकरुपमा आफूनिकट नेताहरुसँग लबिङ गरिरहेका छन् । अघिल्लो निर्वाचनमा गठबन्धनलाई पराजित गरेका कारण पनि एमालेमा मेयरका लागि धेरै आकांक्षी हुने आकंलन छ । तर, ठूला नेताहरुले नै मेयरमा दाबी गर्न थालेपछि भने अन्यलाई बोल्न समस्या भएको बुझिन्छ । निर्वाचनमा कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीबीचको गठबन्धन भए महतलाई नै टिकट दिनुपर्ने आवाज कतिपयले पार्टीभित्र उठाइरहेका छन् ।

एमालेलाई टक्कर दिने नेपाली कांग्रेसबाट तीन जना मेयरका आकांक्षी छन् । कांग्रेस मकवानपुरका पूर्वसचिव तथा गत स्थानीयतह निर्वाचनमा मेयर प्रत्याशी आनन्दराम पराजुली मेयरका बलियो आकांक्षी हुन् । १४ औं जिल्ला अधिवेशनमा सभापतिमा त्रिपक्षीय भिडन्त हुँदा दोस्रो भएका पराजुलीलाई मेयरको टिकट दिने आश्वासन नेताहरुले दिएको चर्चा छ । नेपाली कांग्रेस मकवानपुरका युवा नेता प्रभातकुमार दाहाल पनि हेटौंडाको मेयरका दाबेदार हुन् । पार्टीमा प्रकाशमान सिंह पक्षधर दाहालले आफू मेयरको उम्मेदवार बन्ने बताउँदै आएका छन् । दाहाल नेपाल विद्यार्थी संघका केन्द्रीय निवर्तमान महामन्त्री हुन् ।

अघिल्लो निर्वाचनमा मेयरको चुनाव लडेका कांग्रेसका वर्तमान सचिव भीमसेन महत पनि मेयरका आकांक्षी हुन् । अघिल्लो निर्वाचनमा नेकपा मालेबाट मेयरमा लडेका महतले तीनसय १५ मत ल्याएका थिए । निर्वाचनलगत्तै माले छोडेर कांग्रेस प्रवेश गरेका महत पुन: मेयरमा दाबी गरिरहेका छन् । उनले आफू मेयरको बलियो दाबेदार भएको बताए । 'म मेयरमा चुनाव लडेर अनुभव लिइसकेको व्यक्ति हुँ । एकपटक फेरि मेयरमा उठ्छु र जित्छु', महतले भने ।

हेटौंडामा तेस्रो शक्तिको रुपमा रहेको नेकपा माओवादी केन्द्रबाट संविधानसभा सदस्य प्रल्हाद लामिछाने मेयरमा आकांक्षी देखिएका छन् । एकीकृत समाजवादीबाट हेटौंडा उपमहानगरकी उपमेयर मिनाकुमारी लामा हेटौंडाको पहिलो महिला मेयर बन्ने दौडमा छिन् । एकीकृत समाजवादीबाट जिल्ला अध्यक्ष श्रीधर पोखेल पनि मेयरका आकांक्षी हुन् ।

उनले पनि मेयरमा चुनाव लड्ने निकटस्थहरुसँग बताएका छन् । २०७४ को निर्वाचनमा एमालेपछि राप्रपालाई दोस्रो ठूलो शक्तिका रुपमा हेरिन्थ्यो । तर, मतपरिणामले राप्रपालाई चौथो शक्तिमा पुऱ्यायो । राप्रपाबाट युवा नेता भृगु कार्की मेयरका आकांक्षी हुन् । उनले पार्टीभित्र आफू मेयरमा उठ्ने बताइसकेका छन् । स्वतन्त्र उम्मेदवारका रुपमा राकेश शर्मालेपनि उम्मेदवारी दिने घोषणा गरेका छन् ।

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित

सुन्दर नगरी हेटौंडामा बिक्री

**शुभारम्भ**

YADEA e-SCOOTERS



GRAND OPENING

Offer
रु.१०,०००/-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:

- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

**बर्षा ई-अटोमोबाइल्स**

हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)


प्रो. सबी भण्डारी ९८५५०६७४६०

**घडेरी बिक्रीमा**

जिल्ला : मकवानपुर

हेटौडा उपमहा नगरपालिका

वडा नं. १



सम्पर्क नं.: ९८४५१०३६६३

९८११८९५४६२, ९८५५०७३६६९ हेटौडा-५

साझाकुरा

## हाम्रो कुरा

# व्यक्तिगत घटना दर्ता महत्वपूर्ण कार्य

मानिसको व्यक्तिगत जीवनमा हुने सबैखाले घटनालाई व्यक्तिगत घटना भनिन्छ । मानिस जन्मनु, मृत्यु हुनु, विवाह हुनु, सम्बन्ध विच्छेद हुनु, बसाईसराई हुनु मानिसको जीवनमा हुने घटनाहरु हुन् । यी सबै पाँच घटनालाई स्थानीय पञ्जीकरण अधिकारीसमक्ष घटना भएको ३५ दिनभित्र दर्ता गरिसक्नु पर्छ, नत्र जरिवाना लाग्छ । यी पाँच घटनामध्ये जन्म र मृत्यु सबैको जीवनमा हुन्छ । त्यो अनिवार्य दर्ता गराउनुपर्छ । तर, विवाह, सम्बन्ध विच्छेद र बसाईसराई भने हुनपनि सक्छ नहुन पनि सक्छ । यी सबै घटनालाई समयमा दर्ता नगर्दा समाजमा विभिन्नखाले विकृत घटनाहरु पनि हुने गरेका छन् ।

जन्मदर्ता समयमा नगर्दा बालबालिकाले शिक्षा, स्वास्थ्य तथा राज्यबाट प्रदान गरिने विभिन्नखाले सुविधाबाट बञ्चित हुनुपर्ने हुन्छ । जन्मदर्ता नभए नगरिकता बनाउन मिल्दैन । नागरिकता नभए व्यक्तिको वास्तविक परिचय नै खुल्दैन । परिचय नखुल्दा न रोजगार गर्न पाइन्छ न व्यवसाय सञ्चालन । व्यक्तिको परिचय खुलाउने नागरिकता नभएका कारण समाजमा धेरैले असहज जीवन बिताइरहेका छन् । तर, यति हुँदाहुँदै पनि मानिसहरु व्यक्तिगत घटना दर्ता समयमा गर्दैनन् भन्ने गुनासो स्थानीय पञ्जिकरण अधिकारीहरुले बताएका छन् । घटना दर्ताका सन्दर्भमा राज्यको तर्फबाट सञ्चारमाध्यममा त्यत्तिकै सूचित गरिएको पाइन्छ । समयमा व्यक्तिगत घटना दर्ता गराउन बाध्य पार्न जरिवानाको समेत व्यवस्था गरेको पाइएको छ । तर, नागरिकको अकर्मण्यता कायम रहेको पाइन्छ ।

व्यक्तिगत घटना दर्ता राष्ट्रिय तथ्याङ्कसंग सम्बन्धित हुने हुँदा राज्यको हरेक नीति निर्माण, बजेट विनियोजन र सामाजिक सुरक्षा कार्यक्रमसमेतमा गम्भीर असर गर्ने हुँदा यसलाई सबैले महत्व दिनु आवश्यक छ । पछिल्लो समय घटना दर्ता कार्यक्रममा धेरै स्थानीयतहले अनलाईन प्रणालीमा समाविष्ट गरिसकेका छन् । त्यसैले कुनैपनि घटना अनिवार्य तर, एकपटक मात्र गर्नुपर्छ । त्यसबाट राज्यले उचित समयमा उचित योजना बनाउन सजिलो र प्रभावकारी हुन्छ । तथ्याङ्क बिना कुनैपनि योजना प्रभावकारी ढंगबाट सञ्चालन नहुने भएका कारण पनि व्यक्तिगत घटना दर्ता अत्यन्तै महत्वपूर्ण विषय भएको हो । यसलाई सबैले समयमै गरेर राज्यलाई सहयोग गर्नु र आफूले सुख पाउनुको विकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ चैत ३ गते बिहीबार १७ मार्च २०२२ । फागुन शुक्ल चतुर्दशी । चिल्लाथ्व चतुर्दशी ११४२ । सूर्योदय ६:११ र सूर्यास्त ४:१३ मा हुनेछ । फागु पूर्णिमा (पहाडी जिल्ला)/पूर्णिमा व्रत ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : चिन्ता बढ्ने | **तुला** | : प्रयासहरु फलदायी हुने |
| **वृष** | : मान मर्यादामा वृद्धि | **वृश्चिक** | : कुरा काट्नेहरु सक्रियता |
| **मिथुन** | : लेनदेनको विवाद बढ्ने | **धनु** | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने |
| **कर्कट** | : स्वास्थ्यमा सुधार हुने | **मकर** | : अरुको विश्वास जित्न सकिने |
| **सिंह** | : अध्ययनमा प्रगति हुने | **कुम्भ** | : व्यवसायबाट लाभ पाइने |
| **कन्या** | : रोग एवम् चिन्ता बढ्ने | **मीन** | : जिम्मेवारी पूरा गर्न सकिने |

# जसपा जाग्नुपर्ने तीन कारण



मिलनकान्छा किराँती



जनता समाजवादी पार्टी, नेपाल (जसपा) निर्माणको चरणमा छ । घर निर्माण हुनुअघि ईंट्टा, छड, सिमेन्ट, वालुवा, गिट्टी, ढुङ्गा लगायत अन्य सामग्री बटुलिएझैं जसपामा काँग्रेस एमाले, माओवादी, मधेसवादी लगायत अन्य पार्टीपंक्ति र तहतप्काबाट नेता, कार्यकर्ता बटुलिएका छन् । यतिखेर को कसलाई कसरी कहाँ थुपारियो, राखियो ? सहायक कुरा हो । बटुलेर राख्ने क्रममा कोही तल राख्नुपर्ने माथि राखियो होला, कोही माथि राख्नुपर्ने तल राखिन गयो होला ! यो अस्वाभाविक होइन । मिलाउँदा मिलाउँदै नमिल्न सक्छ, काम गर्दागर्दै पुरा नहुन सक्छ । समय लाग्न सक्छ, बिग्रिन सक्छ । यो सामान्य कुरा हो ।

प्रारम्भिक निर्माणको चरणमा यस्ता सानातिना समस्या आउनु स्वाभाविक हो । तर, यही सानातिना समस्याले घर नै नबन्ने सम्मको अवस्था आउन सक्दोरहेछ भन्ने पाठ पनि जसपाले सिकिसकेको हुनुपर्दछ, सिक्नु पर्दछ । सांगठानिक र प्राविधिक सानातिना समस्या बेलैमा हल नगरिँदा जसपाको पार्टी गतिविधि सेलाएको थियो । भर्खरै सम्पन्न सैंघीय परिषदको प्रथम बैठकले यसलाई पुनर्ताजगी गरेको छ । तात्कालिक रुपमा एमसीसीको संकट देशमा ज्यूका त्यूँ रहे पनि पार्टीले गरेको निर्णयले विवाद र दुविधा अन्त्य भएको छ । परिषद बैठकमा प्रस्तुत प्रतिवेदनले पार्टीपंक्तिलाई उर्जा भरेको छ । जसपा सामान्य पार्टी हो तर यसको जिम्मेवारी असामान्य छ । त्यसैले, यसलाई सेलाउने छुट छैन । निदाउने छुट छैन, नबन्ने छुट छैन । भत्कने, फुट्ने छुट छैन । इन्द्रेणी राष्ट्रवादलाई व्यवहारत: पुष्टि गर्न, पहिचान, अधिकार र सुशासन, समृद्धि प्राप्त गर्न तथा समुन्नत संघीय समाजवाद स्थापित गर्न जसपा जाग्नुपर्ने यी तीन महत्वपूर्ण कारण हुन्, जसको बुँदागत विश्लेषण गरिन्छ:

**इन्द्रेणी राष्ट्रवादलाई व्यवहारत: पुष्टि गर्न**

नेपालको विशेषता विविध जाति, भाषा, क्षेत्र, संस्कृति र सभ्यताका सप्तरङ्गी इन्द्रेणी प्रकृतिको छ । ती सप्तरङ्गी इन्द्रेणी सदियौंदेखि एक रङ्गद्वारा अन्याय र उत्पीडनमा परेको छ । यस्तो हुन पुग्नु कुनै जाति/समुदायको दोष नभएर हिजोका शासक र सामन्ती राज्य व्यवस्थाको उपज हो । अधिकार प्राप्तिको संघर्षमा यहाँ महिलाको पीडा र समस्या पुरुषले उठाईदिने, जनजातिको समस्या र मुद्दा खस आर्यले उठाइदिने, मधेशको मुद्दा पहाडले उठाइदिने, कर्णालीको मुद्दा काठमाडौंले उठाईदिने गरेको पाइन्छ । एक जाति, भाषा अझ भनौं सीमित व्यक्तिले सबै जातजाति, भाषा, क्षेत्र, लिङ्गको नारा लगाईदिने, मुद्दा उठाईदिने र त्यसैको आडमा सत्तामा पुगेर राज्यको स्रोत, साधनको दोहन गर्ने, चरम भ्रष्टाचार गर्ने गरेको पाइन्छ । ती इन्द्रेणी समाजको भाग्य र भविष्यमाथि खेलबाड गरेको पाइन्छ, धोका दिएको पाइन्छ । यसकारण, अब अरुले होइन, आफैले समस्या हल गर्न र मुद्दा उठाउदैं नेतृत्व गर्न जसपा जाग्नु पर्दछ । नेतृत्व लिएर समस्याको हल गर्न सक्नु पर्दछ । उठाएका मुद्दाहरुलाई स्थापित गर्न सक्नु पर्दछ । त्यसको लागि संगठनलाई चलायमान बनाउन संघीय परिषद खारेज गर्दै सबै सदस्यहरुलाई वैकल्पिक केन्द्रीय समितिमा कार्यकारी अधिकार दिएर वडा/टोल स्तरसम्म काम गर्न पठाउनु पर्दछ ।

परिषद अध्यक्षलाई क्लस्टरको आधारमा पाँच अध्यक्ष मण्डल बनाई एकको जिम्मेवारी पाउने गरी व्यवस्थापन हुनुपर्दछ । विधायिकीको काम विधान अधिवेशन र महाधिवेशनको लागि तोकिएको सार्वभौम सदस्यहरुले गर्नेछन् । महिला, मधेशी, आदिवासी/जनजाति, शिल्पी/सीमान्तकृत र खस/आर्यबाट पाँच सदस्यीय अध्यक्ष मण्डल बनाएर देश, समाजमा भएको इन्द्रेणीजस्तै पार्टी नेतृत्व एवं सबै तह, अङ्ग र राज्यसत्ता, सरकारमा पनि इन्द्रेणी राष्ट्रियता झल्किनु पर्दछ । यसको व्यवहारत: पुष्टि हुनु पर्दछ ।

**पहिचान, अधिकार र सुशासन, समृद्धि प्राप्त गर्न**

नेपालमा नयाँ संविधान जारीसँगै नयाँ लोकतान्त्रिक राज्य व्यवस्था लागु भए पनि संविधानलाई पूर्ण मान्न सकिदैन । लोकतन्त्र र समावेशिताले सन्तोषजनक रुपमा पूर्णता पाएको छैन । संविधानत: पहिचानसहित संघीयता संस्थागत गर्न निरन्तर संघर्ष गर्नुपर्ने अवस्था छ । हाल गरिएको संघीयताको सीमांकन र नामांकन नेपाली माटो र मर्म अनुरुप छैन । जसको कारण हालको संघीयताले उचित निकास दिन र तीव्र विकास गर्न सक्दै सक्दैन । यही अक्टोपसको अनुहारजस्तो संघीयतालाई देखाएर विकास र निकासको बाधक संघीयता मान्नेहरु हिजो यो अक्टोपसको अनुहारजस्तो संघीयता बनाउन कम्मर कस्नेहरु तिनै हुन् ।

खासमा, काँग्रेस, एमालेले खोजेको जस्तो संघीयता नेपाली जनतालाई चाहिएको थिएन । जनताको चाहना विपरितको संघीयता बनाएर अन्तत: संघीयता नै काम छैन, गणतन्त्र काम छैन भनेर जनताको रगत, पसिना र संघर्षबाट प्राप्त उपलब्धिलाई अपमान गर्न तिनै हात धोएर लाग्ने छन् । यस्तो अवस्था आउन नदिन जसपा जाग्नुपर्ने हुन्छ । सांगठानिक र सैद्धान्तिक रुपमा बलियो भएर बस्नुपर्ने हुन्छ । पहिचानको मुद्दालाई गिजोलेर छुनै नसकिने, बोल्नै नहुने जातीय अफिम तिनैले बनाइदिएका छन् । त्यस्तो जातीय रङ्गले लिपपोत गर्न जानेर/नजानेर पार्टीभित्रै पनि क्रियाशील प्रवृत्ति छैन भन्न सकिन्न । पहिचान अत्यन्त संवेदनशील र प्राज्ञिक विषय भएकोले यसलाई संयमित भई संवेदनशीलतालाई साम्प्रदायिकतामा परिणत हुन नदिई अधिकार स्थापित गर्ने चुनौती एकातिर छ भने अर्कातिर त्यही बखत सुशासन र समृद्धिको मोर्चा सम्हाल्ने मात्र नभई पुरा गर्नैपर्ने बाध्यत्मक कार्यभार छ ।

यो कार्यभार पुरा गर्न जसपाबाहेक विद्यमान कुनै पनि दल योग्य देखिदैनन् । काँग्रेस, एमाले फरक ब्राण्डका एउटै विशेषता र प्रवृत्ति भएका दल हुन् । अरुहरु पनि फरक छैनन् । जसपालाई पनि ढाल्नुपर्ने, गाल्नुपर्ने, सोंच, शैली, चिन्तन-व्यवहार फेर्नु पर्नेछ । संघर्ष गर्नु पर्नेछ । जनताको मन जित्नुपर्ने, जनताले विश्वास गर्नु पर्नेछ । त्यो वातावरण बनाउन ढिलाई गरिनु हुँदैन । नभए निर्वाचनदेखि निर्वाचनसम्मको राजनीति चलिरहन्छ । यस्तो राजनीति काँग्रेस, एमालेको ईच्छा, चाहना हो । यसले कुनै निकास दिन र विकास गर्न सक्दैन ।

जसपा समावेशी लोकतन्त्र, बहुलराष्ट्रवाद, समुन्नत समाजवादको पक्षमा बलियो भएर उभिएको कारण पहिचान अधिकारलाई स्थापित गर्न असामान्य जिम्मेवारी बोकेको छ । संघीयताको मर्म र सिद्धान्त विपरित भएका नामांकन र सिमांकनका कारण आइपर्ने समस्या र कुतर्कलाई निराकरण गर्ने क्षमताको विकास गर्दै सुशासन र समृद्धिको जग बसाल्न जसपा जाग्नैपर्ने हुन्छ । लोकतन्त्रको बाटो भएर पहिचानसहित अधिकार स्थापित गर्दै सुशासन र समृद्धि प्राप्त गरेपछि समुन्नत संघीय समाजवादतिर पुगिन्छ ।

त्यो समुन्नत संघीय समाजवाद काँग्रेसको नवउदारवादी लोकतन्त्रमा आधारित समाजवाद र एमालेको जनताको बहुदलीय जनवादमा आधारित समाजवाद भन्दा कैयौं गुणा सुन्दर र सफल समाजवाद हुन्छ । त्यसको लागि जसपाले पहिचानसहित अधिकार र सुशासन, समृद्धि प्राप्त गर्न संघर्ष गर्नु पर्दछ ।

**समुन्नत संघीय समाजवाद स्थापित गर्न**

जसपाले समुन्नत संघीय समाजवादलाई चार तत्व संघीयता, सुशासन, समृद्धि र समाजवादमा विभक्त गरेको छ । माथि लेखिएझै लोकतन्त्रको बाटो भएर संघीयतालाई पहिचानसहित अधिकार स्थापित गरिनु पर्दछ । तब मात्र जनताले चाहेको जस्तै समुन्नत संघीय समाजवाद प्राप्त गर्न सकिन्छ । लोकतन्त्र त काँग्रेस, एमालेले पनि स्वीकार्छ, अरुले पनि स्वीकार्छन् भन्ने जवाफ आउन सक्छ । त्यसोभए अहिले भएका संघीयताको सीमांकन र नामांकन ठीक छ कि छैन, अध्ययन गर्नुपर्ने हुन्छ । ठीक छ भने किन निकास दिएन, विकास भएन ? जवाफ दिनुपर्ने हुन्छ । स्मरण रहोस्, अहिलेसम्म भएका प्रदेशको नामकरणमध्ये मधेस प्रदेशमा मात्र पहिचानको आधारमा नामकरण भएको छ ।

त्यहाँ जसपाको सरकार भएकोले मात्र पहिचानसहित अधिकार स्थापित गर्न संभव भएको हो । यो सबैलाई अवगत भएको कुरा हो । के प्रदेश नं. २ मधेस प्रदेश नामकरण हुने बित्तिकै नेपालदेखि मधेश टुक्रियो ? पहिचानको कुरा उठाउँदा तर्सिएर अतिरञ्जित ढङ्गले जातीय/क्षेत्रीय विखण्डनकारी आरोप लगाउनेहरुले जवाफ दिन सक्नु पर्दछ ।


होइन भने प्रदेश नं. १ किरात, प्रदेश नं. २ मधेस, प्रदेश नं. ३ नेवा, क्रमश: ताम्सालिङ, तमुवान, मगरात राख्दैमा देश टुक्रिन्छ भन्ने बोक्रे प्रश्नको जवाफ जसपाले दुई नम्बर प्रदेशमा मधेस प्रदेश नामकरण गरेर गतिलो जवाफ दिइसकेको छ । पहिचानसहितको संघीयतालाई वैज्ञानिक क्रियान्वयन गरिरहँदा देशमा भएका विद्यमान भ्रष्ट्राचार, शोषण र अत्याचारलाई आँखा छोप्न सकिन्न । समृद्धि प्राप्त गर्न सुशासन अनिवार्य शर्त हुन आउँछ । राज्यको आर्थिक चुहावट रोकिनु पर्दछ । भ्रष्ट्राचार, शोषण र अत्याचारका निम्ति शुन्य सहनशीलता हुनुपर्दछ । यसका लागि जसपाले निरन्तर खबरदारी र संघर्ष जारी राख्न जाग्नु पर्दछ ।

संघीयताको वैज्ञानिक कार्यन्वयन, सुशासन र सदाचारयुक्त समाज र आर्थिक, सामाजिक, साँस्कृतिक रूपमा समृद्धि हासिल गरेपछि मात्र समाजवाद स्थापना हुन जान्छ । सामन्ती राज्य व्यावस्थाको अदृश्य अवशेष र दलाल पूँजीवादी युगको चरम चपेटालाई चिर्दै अघि बढेपछि समुन्नत संघीय समाजवाद प्राप्त गर्न सक्दछौं । त्यो प्राप्त गर्न आज नै अहिल्यैदेखि माथि उल्लेखित अधिकार, अवस्था र व्यवस्था प्राप्त गर्न सैर्ष गरिनु पर्दछ । जसपाले ती सबै कार्यभार पुरा गर्ने आँट र साहस बटुलेर संघर्षरत रहनु पर्दछ ।

*(लेखक जसपा सम्वद्ध नेता हुन् ।)*

*-साभार: रातोपाटी*

# आयात नियन्त्रणको उपाय निष्प्रभावी



केशव आचार्य

मुलुकको अर्थतन्त्रका समग्र आर्थिक सूचकहरू हिजोआज सकारात्मक देखिँदैनन् । दिनानुदिन बढ्दो आयातले अर्थतन्त्रमाथि ठूलो दबाब सिर्जना गरिरहेको छ । आयातमा कडाइ गरेर अर्थतन्त्रलाई सुधारको बाटोमा लैजाने अभिप्रायबाट नेपाल राष्ट्र बैंकले केही वस्तुको आयातमा कडाइ गरेको छ । राष्ट्र बैंक समय-समयमा आयातमा कडाइको दायरा बढाइरहेको छ । केन्द्रीय बैंकको चालू आर्थिक वर्षको अर्धवार्षिक अध्ययन प्रतिवेदनले सूचकहरू झन् नकारात्मक बन्दै गएको देखायो । आयातमा कडाइ गर्न ल्याइएका उपायहरू आर्थिक सुधारका निम्ति प्रभावकारी भएनन् । यसका लागि दीर्घकालीन समाधानको समीक्षा आवश्यक छ ।

देशमा बढ्दो आयातले बाहिरिने रकम बढी हुँदा त्यसले पारेको असन्तुलन अर्थतन्त्रको मुख्य समस्याको रूपमा चित्रण गरिएको छ । कोरोना महामारीका कारण वैदेशिक रोजगारी सुक्दै गइरहेको छ, जसका कारण बाह्य स्रोत खुम्चिएको छ । चालू आर्थिक वर्षको पुस मसान्तसम्म बाह्य आय अघिल्लो वर्षको सोही अवधिको तुलनामा ५.५ प्रतिशतले कमी आएको सार्वजनिक तथ्यांकले प्रस्ट्याइरहेको छ । कोभिड-१९ का कारण वस्तुको माग र आपूर्तिको पद्धति गडबड हुन पुगेको छ । बजारमा स्वाभाविक माग बढिरहेको छ, उत्पादन खुम्चिएकाले पूर्ति हुन नसक्दा वस्तु आयात बढेको छ ।

अमेरिकी डलरको तुलनामा नेपाली मुद्रा अवमूल्यन हुँदा विदेशी मुद्राको सञ्चितिमा प्रत्यक्ष प्रभाव परेको छ । वैदेशिक विनिमयको सञ्चिति घट्ने क्रम रोकिएको छैन । यस्तो सञ्चितिमा करिब आधा नै कमी आएको तथ्यांकले बताइरहेको छ । इन्धन बढेसँगै ढुवानीको खर्च पनि ४/५ गुणाले बढेको छ । बजारमा वस्तुको मूल्य बढेको छ, यसको समग्र प्रभाव आयात, बजार, उपभोग्य मूल्य हुँदै अर्थतन्त्रमा पर्ने नै भयो, जसले अर्थतन्त्रलाई थप खुम्च्याउन मद्दत गरिरहेको छ । चालू आर्थिक वर्षको पुस मसान्तसम्म थप १४ करोड डलरबराबरको विदेशी मुद्रा सञ्चिति घटेको नेपाल राष्ट्र बैंकले जनाएको छ । यसै मंसिरसम्म १० अर्ब ३ करोड डलर रहेको सञ्चिति पुस मसान्तसम्ममा ९ अर्ब ८९ करोड डलरमा झरेको पाइयो । पुस मसान्तसम्मको मुद्रा सञ्चयले ६.६ महिनाको वस्तु तथा सेवाको भुक्तानी गर्न सकिने केन्द्रीय बैंकको भनाइ छ । अघिल्लो आर्थिक वर्षको अन्त्यसम्ममा ११ अर्ब ७५ करोड डलर रहेको सञ्चिति यो ६ महिनाको अवधिमा १६ प्रतिशतले घट्न पुगेको छ । अघिल्लो आव २०७७/०७८ को पुस मसान्तसम्म शोधनान्तर स्थिति १ खर्ब २४ अर्ब ९२ करोडले बचतमा र चालू खाता घाटा पनि ५१ अर्ब ६८ करोड रहेको राष्ट्र बैंकको तथ्यांकमा देखिन्छ । यो पुस मसान्तसम्म शोधनान्तर घाटा २ खर्ब ४१ अर्ब रुपैयाँ पुगेको छ । चालू खाता घाटा पनि बढेर ३ खर्ब ५४ अर्ब रुपैयाँमा उक्लिएको छ । एक महिना अघिसम्म यो १ खर्ब ९५ अर्ब र ३ खर्ब रुपैयाँ थियो । पछिल्ला दिनमा वैदेशिक रोजगारीबाट आउने आम्दानी घटेको देखिन्छ । विप्रेषणको आम्दानी घटेर ४ खर्ब ६८ अर्ब रुपैयाँमा सीमित हुन पुगेको छ ।

अघिल्लो आर्थिक वर्ष २०७७-०७८ को ६ महिनाको तुलनामा वैदेशिक व्यापारघाटा ४६.६ प्रतिशतले बढेको देखाएको छ । व्यापारघाटा ८ खर्ब ८० अर्ब ४९ रुपैयाँ पुगेको छ । अघिल्लो समीक्षा अवधिमा भने यो परिमाणमा कमी आएको थियो । कोरोना महामारी सुरु भएसँगै यसैको प्रभावका कारण वैदेशिक व्यापार करिब २० प्रतिशतले खुम्चिएको थियो । नेपालले करिब १० खर्ब रुपैयाँको वस्तु आयात गर्दा निर्यात सवा खर्ब रुपैयाँ पनि गर्न सकेको छैन । ९ खर्ब ९९ अर्ब ३४ करोड रुपैयाँको आयात भएको देखिन्छ भने निर्यात १ खर्ब १८ अर्ब ८५ करोड रुपैयाँबराबर छ । नेपालमा व्यापारघाटाको कारण र यसको दीर्घकालीन समाधान कसरी खोज्नेभन्दा पनि सतही उपायमा मात्र उभिने अवस्थाले अर्थतन्त्र संकटमा छ । मुलुकमा अलिकति असहज अवस्था हुनासाथ अर्थतन्त्र धर्मराउने स्थितिमा पुग्छ । अर्थमन्त्री र नेपाल राष्ट्र बैंकका अधिकारीहरू अहिले पनि ६ महिनाभन्दा बढीको आयात धान्न सक्ने रकम सञ्चितिमा रहेकाले आत्तिनुपर्ने अवस्था नरहेको बताइरहेका छन् । यसलाई नराम्रो अवस्था भनिहाल्न नमिल्ने उनीहरूको तर्क छ । अर्थतन्त्रको अवस्था बिग्रियो भनेर गलत प्रचार गरियो भन्दै अर्थमन्त्रीले सार्वजनिक रूपमा असन्तोष प्रकट गरेका थिए । आर्थिक वर्ष २०७५-०७६ मा पनि सरकारले आयात घटेकोमा ठूलै उपलब्धिको रूपमा प्रचार गऱ्यो । तर, त्यतिबेला आयातमा आएको संकुचन नियन्त्रणकारी नीतिको परिणाम थियो ।

अर्थविज्ञहरू अर्थतन्त्रमाथि संकटको भुमरी आइरहेको बताउँछन् । यसरी विदेशी विनिमय सञ्चिति घट्दो क्रममा जानु अथतन्त्रका लागि नकरात्मक सूचक हो । हरेक वर्ष तरलता अभावको समस्या हुन्छ । अहिले आयात बढ्नुलाई कारण देखाइएको छ । के सरकारले आयात घटेको भनेर खुसी मनाइरहेको वर्ष यस्तो समस्या थिएन ? यसमा पनि दिगो समाधानभन्दा तत्कालीन उपाय खोज्ने र मूल समस्याको समाधानमा बेवास्ता गर्ने प्रवृत्ति छ । वित्तीय क्षेत्रमा प्रतिस्पर्धा बढाउने र बाह्य क्षेत्रका वित्तीय संस्था र उपकरणको उपयोगमा किन चासो नराखिएको हो ?

सरकारले यसको चित्तबुझ्दो जवाफ अहिलेसम्म दिन सकेको छैन । तयारी उपभोग्य वस्तुको आयातमा कमी ल्याएर कच्चा पदार्थको आयातमा वृद्धि गर्न सकेको भए त्यसलाई उपलब्धि मान्न सकिन्थ्यो । तर, पछिल्ला दिनमा तथ्यांकीय चलखेल गरी आफ्नो उपलब्धि देखाएर रमाउने चलाखी सरकारमा आबद्ध राजनीतिक दलले गरे । अर्थतन्त्रलाई दिगो रूपमा बलियो बनाई आयात घटाउने हो भने उत्पादन बढाउनुको विकल्प छैन । औद्योगिक कच्चा पदार्थको आयातलाई प्रश्रय दिई उपभोग्य वस्तुको आयातमा कटौती यसको उपाय हो । तर, अहिले अपनाइएको आयात नियन्त्रण नीति टालटुले उपाय मात्र हो । यसले अर्थतन्त्रका आयामलाई दीर्घकालीन स्थायित्व दिँदैन । यो त केवल बजारमा अराजकता र मूल्य वृद्धिको कारक मात्र बन्न सक्छ । सरकारले आयातमा कडाइ गरेको छ । यसले ल्याउन सक्ने सम्भावित समस्याको निदानको विषयमा सरकारले अध्ययन-अनुसन्धान गरी उत्तम विकल्प पस्कन सकेको देखिँदैन । मुलुकको व्यापार असन्तुलन चर्को समस्याको रूपमा देखा परेको छ ।

यसको मुख्य कारण आय, देशमा हुने उत्पादन र आमनागरिकको उपभोग हो । आयको ठूलो हिस्सा वैदेशिक रोजगारीमा निर्भर छ । यो स्थायी स्रोत होइन, स्थायी स्रोत खोज्नुपर्छ भन्न थालिएको पनि धेरै भयो । देशमै उत्पादनलाई बढावा दिने हो भने रोजगारीका लागि बाहिर जाने अवस्थाको अन्त्य हुन्छ । यसले रेमिट्यान्सबाट आयात धानौंला भन्ने अवस्थामा पनि सुधार आउने थियो । उत्पादन अभिवृद्धिले आयातमा निर्भर उपभोगमा कम हुँदै जान्छ । आयातित उपभोगमा कमी आउन थालेपछि व्यापारघाटा स्वत: घट्दै जान्छ ।

देशमा विद्यमान कच्चा पदार्थमा आधारित उत्पादनलाई जोड दिनुपर्छ । यसले आय बढाउँछ । जति बढी आय अभिवृद्धि हुन्छ त्यति नै रोजगारीको अवसर सिर्जना हुन्छ । निर्यातभन्दा पनि आयात प्रतिस्थापनलाई मुख्य लक्ष्य बनाउनुपर्छ । नेपालको व्यापारघाटाका मुख्य वस्तु इन्धन, सवारीका साधन, खाद्यान्न हुन् । देश विद्युत्मा निर्भर हुँदै गइरहेको छ । यसको माध्यमबाट इन्धन आयातलाई प्रतिस्थापित गर्न सकिन्छ । विद्युत् उत्पादनलाई प्रतिस्पर्धी बनाउने हो भने उत्पादनको लागत घटाउन सकिन्छ । घट्दो लागतले उपभोग बढ्न गई अर्थतन्त्र थप क्रियाशील बन्न सक्छ ।

मुलुक के उत्पादन गर्ने, के आयात गर्ने भन्ने विषयमा रणनीतिक योजना बनाएर अगाडि बढ्नुपर्छ । आयात नियन्त्रणका निकै उपाय अपनाउँदा पनि अर्थतन्त्रका सूचकमा सुधार आउन सकेन, किन ? कारण पहिचान गरी समाधानको सोच बनाउनुपर्छ । अब सतही उपाय होइन, दीर्घकालीन उपाय खोजी गर्नुपर्छ ।

-साभार: बारोबार डेली

# क्रिप्टोको अवैध कारोबार : नौ करोड ७४ लाख हिनामिना

काठमाडौँ (रासस)/ मुलुकको ढुकुटीमा अमेरिकी डलरको हिस्सा क्रमश: घट्दा त्यसको प्रभाव समग्र अर्थतन्त्रमा बढ्दै गएको छ । वैदेशिक मुद्रा सञ्चिति घट्दो क्रममा रहेको बेला विदेशी विनिमयको गैरकानुनी रुपमा प्रयोग गरेको अभियोगमा राजस्व अनुसन्धान विभागले दुई जनाविरुद्ध मुद्दा दायर गरेको छ ।

विभागले रतुवामाई नगरपालिका-७ मोरङका पुष्कर श्रेष्ठ र विनिता लिम्बुविरुद्ध 'विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ अनुसार काठमाडौँ जिल्ला अदालतमा सोमबार मुद्दा दायर गरेको जारी विज्ञप्तिमा उल्लेख छ । उनीहरूले नेपालमा प्रतिबन्धित वानएक्सवेट, विनाश, एड्भी क्यास, क्वाइनबेस र प्याक्फुल जस्ता माध्यमको प्रयोग गरी सामूहिक मिलेमतोमा अमेरिकी डलरको गैरकानुनी कारोबार गरेको पाइएको छ । विभागका अनुसार आरोपितले विभिन्न एप तथा गैरकानुनी माध्यममार्फत रकम राख्ने वा पठाउने गरेको पाइएको छ ।



उनीहरूले अमेरिकी डलरको सटही तथा क्रिप्टोमा लगानीकर्ताको रुपमा रहेको अनुसन्धानबाट खुलेको छ । आरोपी श्रेष्ठले मेगा बैंकबाट ८६ लाख ८३ हजार ४२९, सिटिजन बैंकबाट दुई करोड ५१ लाख ७६ हजार ९९, एनआइसि एशिया बैंकबाट एक करोड ८२ लाख ४९ हजार ८८९ र राष्ट्रिय वाणिज्य बैंकबाट दुई करोड ३६ लाख ६२ हजार ५३९ गरी कूल सात करोड ५७ लाख ७१ हजार ९५८ बराबरको रकम हिनामिना गरेको पाइएको छ ।

यस्तै, आरोपी लिम्बूले एनआइसि एशिया बैंकबाट दुई करोड १६ लाख ९८ हजार २४ बराबरको रकम हिनामिना गरेको देखिन्छ । विभागले कूल नौ करोड ७४ लाख ६९ हजार ९८३ बराबरको विदेशी विनिमयको अपचलन गरेको अध्ययनमा पत्ता लगाएको छ । विभागले आरोपीलाई बिगो जफत गरी सजाय र तीन वर्षसम्मको कैद सजायको मागदाबी गर्दै मुद्दा दायर गरिएको छ । नेपाल राष्ट्र बैंकले २०७४ साउन २९, २०७५ चैत २६ र २०७८ भदौ २४ गते अवैध रुपमा विदेशी विनिमयको अवैध कारोबार नगर्न निर्देशन दिएको छ । यस्तै, नेपालमा गैरकानुनी रहेको क्रिप्टोकरेन्सीको कारोबार नगर्न समेत पटक-पटक केन्द्रीय बैंकले निर्देशन दिएको छ ।

## प्रलेसको राष्ट्रिय सम्मेलनको तयारी

काठमाडौँ (रासस)/ प्रगतिशील लेखक संघको १२औँ राष्ट्रिय सम्मेलनको तयारीका लागि विभिन्न उपसमिति गठन गरिएको छ । यही चैत २५ र २६ गते काठमाडौँमा हुने राष्ट्रिय सम्मेलनपूर्व प्रदेश र जिल्ला अधिवेश सम्पन्न गर्न संघले परिपत्र पनि गरेको छ ।

संघका अध्यक्ष प्रा डा जीवेन्द्रदेव गिरीको अध्यक्षतामा सोमबार सम्पन्न सचिवालयको बैठकले उनकै संयोजकत्वमा व्यवस्थापन, उपाध्यक्ष गोपिरमण उपाध्यायको संयोजकत्वमा प्रकाशन, उपाध्यक्ष सुशीला प्रधानाङ्गको संयोजकत्वमा स्रष्टा सम्मान, महासचिव समिर सिंहको संयोजकत्वमा प्रतिवेदन मस्यौदा उपसमिति गठनको निर्णय गरेको हो ।

संघका महासचिव सिंहका अनुसार उपमहासचिव आरसी न्यौपानेको संयोजकत्वमा विधान मस्यौदा, सचिव प्रकाश थापामगरको संयोजकत्वमा प्रचार-प्रसार, पारस ढकालको संयोजकत्वमा स्वयंसेवक, डा देवी दुलालको संयोजकत्वमा प्रतिनिधि व्यवस्थापन र पुरु लम्सालको संयोजकत्वमा हल व्यवस्थापन उपसमिति गठन गरिएको छ । संघमा वामपन्थी दल निकट लेखक साहित्यकारहरू आवद्ध छन् । विगतमा असन्तुष्ट भई संघबाट अलग भएका प्रगतिशील घटकलाई आउँदो महाधिवेशनमा समावेश गराउन संघले वार्ता प्रक्रिया अघि बढाएको छ ।

# अखाद्य वस्तुको बिक्रीवितरण रोक्न सरकार प्रतिबद्धः गृहमन्त्री खाँण

काठमाडौँ (रासस)/ गृहमन्त्री बालकृष्ण खाँणले उद्योगी, व्यवसायी उपभोक्ताको हितप्रति संवेदनशील बन्नुपर्ने बताएका छन् । विश्व उपभोक्ता अधिकार दिवसका अवसरमा मंगलबार वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र काठमाडौँ महानगरपालिकाद्वारा आयोजित कार्यक्रममा उनले व्यवसायी पनि कुनै वस्तुको उपभोक्ता भएकाले उपभोक्ताको हितप्रति सबै पक्ष गम्भीर बन्नुपर्ने बताएको हो ।

गृहमन्त्री खाँणले उपभोक्ता अधिकार स्थापित गराउन सरकार गम्भीर रहेको उल्लेख गर्दै अखाद्य वस्तुको बिक्रीवितरण रोक्ने प्रतिबद्धता जनाए । उनले अखाद्य वस्तुको उपभोगमा उपभोक्ता स्वयम् सचेत हुनुपर्नेमा जोड दिए । संविधान, ऐन कानुनमा भएका उपभोक्ता अधिकारसँग सम्बन्धित प्रावधानको कार्यान्वयन गर्न सरकारपछि नपर्ने बताउँदै उनले उद्योगी व्यवसायीलाई पनि जनताप्रति उत्तरदायी बन्न आग्रह गरे ।

"व्यवसायी पनि कुनै न कुनै रुपमा उपभोक्ता नै हुनुहुन्छ, सरकार उद्योगी व्यवसायीलाई हतोत्साहित गर्न चाहँदैन, व्यवसायी पनि उपभोक्ताको हितप्रति संवेदनशील हुने विश्वास गरेको छु", उनले भने । गृहमन्त्री खाँणले दैनिक उपभोग्य वस्तुको मूल्य बढ्दा उपभोक्तामा मार परेकामा सरकार जानकार रहेको उल्लेख गर्दै सरकारले उपभोग्य वस्तुको मूल्यलाई नियन्त्रणमा राख्न अधिकतम पहल गरिरहेको जानकारी दिए । "मूल्यवृद्धिको प्रमुख कारकका



रुपमा पेट्रोलियम पदार्थको मूल्य रहेको छ, सरकारले पेट्रोलियम पदार्थको मूल्यलाई पनि सकेसम्म नियन्त्रणमा नै राखेको छ", उनले भने, "व्यापार घाटा न्यूनीकरण र आयात निरुत्साहित गर्नेमा सरकारको ध्यान गएको छ ।" गृहमन्त्री खाँणले मुलुकको व्यापार घाटाको ठूलो हिस्सा पेट्रोलियम पदार्थ रहेको बताउँदै विद्युतीय उपकरणको प्रयोग बढाउनुपर्नेमा जोड दिए ।

उनले स्थानीय उत्पादनको प्रयोगलाई बढवा दिन नागरिक सचेतना बढाउनुपर्ने र यसमा उपभोक्ता अधिकारकर्मीको महत्वपूर्ण भूमिका हुने बताए । प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति विमल श्रीवास्तवले उपभोक्ता अधिकार प्रत्याभूत गराउन सरकारले ध्यान दिनुपर्ने बताए । उपभोक्ता स्वयम् सचेत नहुँदासम्म उपभोक्तामाथिको ठगी नरोकिने भन्दै उनले उपभोक्ता सचेतना बढाउनुपर्नेमा जोड दिए । उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँले उपभोक्ता अदालत गठन गरेर उपभोक्ताको अधिकार संरक्षण गर्नुपर्ने बताए ।

स्थानीय तहमा उपभोक्ता सूचना केन्द्र स्थापना गर्न उनले सुझाव दिए । नेपाल चेम्बर अफ कमर्शका प्रतिनिधि देवेन्द्रभक्त श्रेष्ठले बजार अनुगमनका क्रममा नियमकानुन मात्र नहेरी व्यवहारिक पक्षको पनि ख्याल गरिनुपर्नेमा जोड दिए । उनले व्यवसायीका सामान जफत गरेर नष्ट गरिनुभन्दा पनि उपभोग्य मिति सकिएका खाद्य वस्तु सम्बन्धित उद्योगीले फिर्ता लैजाने वतावरण बनाइदिनुपर्ने बताए । काठमाडौँ महानगरपालिकाका उपप्रमुख हरिप्रभा खड्गी (श्रेष्ठ) ले स्थानीय तहको स्थापनापछि निर्वाचित पदाधिकारी कानुन निर्माणमा संलग्न हुनुपर्दा बजार अनुगमनको पाटो ओझेलमा परेको स्वीकार गरे । स्थानीय बजार अनुमनको अधिकार स्थानीय तहलाई प्राप्त भएपछि बजार व्यवस्थापन तथा अनुगमन समिति र अनुगमन टोली निर्माण गरिएको उनले बताए ।

राष्ट्रिय उपभोक्ता अधिकार मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले बजार अनुगमन गरी जरिवाना गर्दैमा स्वच्छ बजार कायम हुन नसक्ने भन्दै उपभोक्तामाथि ठगी गर्ने व्यवसायीलाई कडा कारबाही हुनुपर्ने बताए । बजार अनुगमनका जिम्मा स्थानीय सरकारको भएपनि अनुगमन प्रभावकारी नहुँदा दिनदिनै उपभोक्तामाथि चर्को ठगी भइरहेको छ भनिन् ।

उपभोक्ता अधिकार अनुसन्धान मञ्च नेपालका अध्यक्ष माधव तिमिल्सिनाले विभागीय मन्त्रालय नेतृत्वविहीन हुँदा उपभोक्ताको हितअनुकूलका नीति तर्जुमा समस्या भएकाले तत्काल वाणिज्य तथा आपूर्तिमन्त्री नियुक्ति गरिनुपर्ने बताए । नेपाल उपभोक्ता महिला तथा बालबालिका संरक्षण संघका अध्यक्ष अप्सरा कोइरालाले उपभोक्ताको गुनासो सुन्ने र समस्याको समाधान गर्ने काम जिम्मेवार निकायबाट नभएको गुनासो गरे ।

कञ्जुमर आइ नेपालका अध्यक्ष विमला खनालले महँगीले गर्दा उपभोक्ताको दैनिकी कष्कटर बन्दै गएकाले नापतौल, मूल्य र गुणस्तरमा उपभोक्ता दिनदिनै ठगिएका छन् भने ।

# मुसहर बस्तीमा होलीसँगै पञ्जाव जाने लहर

महोत्तरी (रासस)/ मधेशमा उल्लास र उमङ्गको पर्व 'होली' (फागु) नजिकिँदै छ । मधेशको प्राचीन मिथिला क्षेत्रमा सामान्यतया सबै घरपरिवार अहिले वर्षभरिका दु:खसुख बिर्सेर 'होली' को तयारीमा देखिदा छन् । यही नै मुसहर समुदायको बस्तीमा भने 'होली' को रङभित्रै किशोर र युवामा पञ्जाव हिँड्ने तयारी छ ।

"रौ, होली त लक्चियागेलौ, कहिया चल्बे ?" (ल, होली त आइसक्यो, कहिले जाने) मुसहर बस्तीमा आमरुपमा किशोर र युवा पुस्ताले एकअर्कासँग राख्ने जिज्ञासा यस्तै सुनिन्छ । जीवन गुजारा र घरपरिवारको प्रतिपालका लागि पञ्जाव जानु यो समुदायका किशोर र युवाको नियति नै देखिन्छ ।

थोरै जग्गाजमीन हुनेलाई साहुले ऋण पत्याउँछन्, त्यस्ता विदेश (भारतबाहेकका मुलुक) जान्छन् । आम मुसहर जग्गाविहीन हुनाले यिनीहरूको विदेश कमाइ भनेको भारतको पञ्जाव र हरियाणा नै हुने गर्छ । पासपोर्ट (राहदानी), भिसा केही नचाहिने र एकाध हजार बाटो खर्चको जोहोले पुग्न सकिने भएपछि मुसहर किशोर र युवाको कमाइको गन्तव्य हरियाणा, पञ्जाव हुने गरेको हो ।

कृषि कार्यमा पोख्त मानिने यो समुदायका किशोर र युवा पञ्जाव र हरियाणामा यसै कामले गरेको आर्जनले घरपरिवारमा चाडपर्वको खुसी दिन्छन् । मुसहर बस्तीमा जुडशीतल (विक्रम संवत्को नयाँ वर्षमा मनाइने पर्व), छठ र होलीपछि हरियाणा, पञ्जाव जाने लहर चल्छ । 'जो रे पञ्जाव, चल रे पञ्जाव !' (जाउ पञ्जाव, हिंड पञ्जाव) यी पर्वपछि मुसहर बस्तीमा यस्तै स्वर गुञ्जन्छन् । पाका अभिभावकले आफ्ना किशोर र युवा उमेरका भाइ, छोरा, भतिजालाई 'जो रे पञ्जाव' (पञ्जाव जाउ) र यी उमेरका किशोर र युवाले आफ्ना दौँतिरीलाई 'चल रे पञ्जाव' (हिँड पञ्जाव) भनेको सुनिन्छ । मुसहर युवाको श्रम गन्तव्य हरियाणा र पञ्जाव भएपनि यिनीहरू बेलीचालीमा भने उता जानुलाई 'पञ्जाव' नै भन्ने गर्छन् ।

मुसहर बस्तीमा घरका भाइ, छोरा, भतिजा पञ्जाव जाने तयारीमा लागेपछि यो अवसर नै खास पर्वजस्तै बन्छ । जोरजाम गरेर सुँगुरको मासु, घोडी (मुसहरको प्रिय परिकार मानिने सङ्खेकिरा जस्तै हिलोमा हुर्कने जिव) को झोल र मुसाको चटनी अनि लोकल खोयाबिर्के दारु (रक्सी) को चुस्की । बस्तीभरिका मुसहरको जमघट । भोलि टोलैभरिका केटाहरूको पञ्जाव प्रस्थान । पर्वपछि देखिने मुसहर बस्तीको दृश्य यस्तै हुन्छ । यसै



क्रममा अहिले मुसहर बस्तीमा 'होली' को रङ् (उत्सव) सँगै पञ्जावको तयारी बढ्दो छ । 'जो रे पञ्जाव, चल रे पञ्जाव !'

चाडपर्व मनाएपछि बस्तीका किशोर र युवा पञ्जाव जाने तयारीमा लाग्नु पछिल्लो एक/दुई दशकयता मुसहर समुदायको चलनजस्तै बनेको छ । मुसहर बस्तीमा पर्व सकेर चैत लागेसँगै बाबु, काका पुस्ताले आफ्ना सन्तानलाई पञ्जाव जान अभिप्रेरित गर्न 'जो रे पञ्जाव' र किशोर युवाभने पञ्जाव जाने आफ्नो जमात बढाउन सम वयस्कलाई 'चल रे पञ्जाव' भनी रहेका भेटिने गर्छन् । जीवन गुजाराको मुख्य काम नै भारतको पञ्जावमा कृषि मजदुरीलाई बनाएका मुसहर किशोर र युवा त्यता जाने तयारीमा लागेपछि उनीहरू बिदा हुने अघिल्लो रात बस्तीमा भोज खाने यो जातिको परम्पराजस्तै बनेको छ ।

"हाम्रो टोलका केटाहरू अब एक साताभित्रै पञ्जाव जान्छन्", महोत्तरीको भङ्गाहा नगरपालिका-४ रामनगरस्थित मुसहरीटोलका बिलासवा सादा मुसहरले भावुक हुँदै भने, "हामी होलीसँगै उनीहरूलाई पञ्जाव पठाउने भोजको तयारीमा जुटेका छौँ ।" महोत्तरी जिल्लाका सबैजसो मुसहर जातिको बसोबासका बस्तीमा होलीसँगै अहिले पञ्जावको तयारी छ ।

जिल्लाको बर्दिबास नगर पालिकाका बर्दिवास मुसहरी, बिजलपुरा, पशुपतिनगर, गौशाला नगरपालिकाका रजखोर र फुलकाहा, भङ्गाहा नगरपालिकाका रामनगर, सकरी, भङ्गाहा मुसहरी, कर्पुरगञ्ज, टिकुलिया, अजगेवा, धर्मपुर, हतिसर्वा, सिङ्ग्याही, मेघरोल, धनसपुर र हरिनमरी, औरही नगरपालिकाका चेप्कोट, टिम्किया, भोइल, औरही मुसहरी, खोपी, एकडारा गाउँपालिकाको भटौलिया, लोहारपट्टी नगरपालिकाको डोठारा, लेउरी, पिपराढी र रामगोपालपुरसहितमा मुसहर जातिको सघन बसोबास रहँदै आएको छ । यी बस्तीमा अहिले आमाहरू भारी मनले भर्खर १५/१६ टेकेका छोरालाई पञ्जाव बिदा गर्ने तयारीमा छन् । सम्पतिको नाउँमा सानो पराले झुप्रोमात्र भएका आफ्नो समुदायका किशोर र युवाको वैदेशिक रोजगारको गन्तव्य भनेकै भारतको पञ्जाव रहेको यस समुदायका बुढापाकाको भनाइ छ । "साहुले ऋण पत्याएका गाउँका अरु समुदायका युवा कमाउन अरब कत्तार काहाँ काहाँ जान्छन्", भङ्गाहा मुसहर बस्तीका परेग्वा सादाले भन्नुभयो, "हाम्रा छोरालाई त त्यति टाढा जाने रकम पत्याउने साहु (धनी) नै पाइँदैनन्, त्यसैले पञ्जाव नै जान्छन् ।"

पञ्जाव जान नागरिकता र राहदानी नचाहिने र बढी खर्च नलाग्ने भएकाले मुसहर समुदायका किशोर र युवाको रोजगारीको गन्तव्य पञ्जाव हुने गरेको छ । 'कमाइ ल्यायो, भुटी खायो' आहानका उदाहरण मुसहर समुदायमा अहिले पनि नागरिकता बनाउने, पढ्नुपर्ने र सामाजिक/राजनीतिक गतिविधिमा सरिक हुने मालिक (मुसहर गाउँका उपल्लो जात भनिने अरु जाति समुदायलाई मालिकको सम्बोधन गर्छन्) हरूको काम भएको धारणा पाइने गरेको सामाजिक क्रियाकलापमा सक्रिय रहँदै आएको सामाजिक संस्था प्रयास महोत्तरीका अध्यक्ष जिल्लाकै एकडारा गाउँपालिकाको भटौलियाका बासिन्दा प्रवीण कर्णको भनाइ छ ।

जिल्लामा कृषि मजदुरको अभावले खेतबारी बाँझै रहने र यहीकै कृषि कार्यमा दक्ष मानिएका मुसहर भने कृषि मजदुरी गर्न पञ्जाव जाने कुरा उदेकलाग्दो भएको बुद्धिजीवीको टिप्पणी छ । यहाँको कृषि जनशक्ति यही लगाउन राज्यस्तरबाट कुनै अग्रसरता नदेखिनु उदेकलाग्दो कुरा भएको बर्दिवास बहुमुखी क्याम्पसका प्रमुख तोपबहादुर ठकुरीले बताए ।

सम्पत्ति कमाउने र सञ्चित गर्ने सोचसम्म पनि नराख्ने मुसहर समुदायको पञ्जाव पलायन गुजारासँग मात्र जोडिएको छ । आफ्नो गाउँघर वरिपरिनै उचित बनी (पारिश्रमिक) पाए कलकलाउँदो उमेरको छोरालाई पञ्जाव पठाउनु नपर्ने कुरा आफ्ना लागि मीठो कल्पना हुने गरेको मुसहर बस्तीका आमा बताउँछन् । "केकरा ललसा नई जे परिवारके सब गोटे दु:खसुख बाइँट क सँगसाथ रही", (परिवारका सबै सदस्य एकसाथ दु:खसुख बाँडेर बसौँ भने कसलाई लाग्दैन र ?) अब एक साताभित्रै छोरो सुकनालाई पञ्जाव पठाउने तयारीमा रहेकी अजगेवाकी फुलोवती सादाले भन्नुभयो, "मुदा, परिवारके गुजरबसरकेलेल बेटा के पञ्जाव भेज परैछै" (तर, परिवारको प्रतिपालका लागि छोरा पञ्जाव पठाउनुको विकल्प छैन) ।

जिल्लाका मुसहर बस्तीबाट एकलट किशोर र युवा छठ सकिएलगत्तै पञ्जाव गई सकेका छन् । होलीका लागि पर्खेका किशोर र युवा अब धमाधम पञ्जाव जाने तयारीमा रहेका देखिदो छ । "धेरैजसो हाम्रा नानीहरू लाग्दो मंसिरमै पञ्जाव गइसके", धमौराको दलित बस्तीका अगुवा उत्तिम सादा मुसहरले भने, "अब बस्तीमा देखिएका किशोर र युवा पनि एक साताभित्रै पञ्जाव जाने छन् ।"

सम्पत्ति आर्जन गर्ने कुनै लालसा नपालेका मुसहर समुदायका लागि छोरो पञ्जावबाट फर्किएको दिन मनमाफिकको भोजन गर्ने अवसर हुने गरेको छ । त्यसदिन आफन्तसहित सुँगुरको मासु, मुसाको चटनी, घोडीको झोलसँगै घरैया दारु (घरेलु मदिरा) खाएर एकछिन नाचगान गरेपछि छोरो पञ्जाव गएको सार्थक ठानिने मुसहर समुदायको आम धारणा पाइने गरेको छ ।

"अरु गाउँका मालिकले अरु चाडपर्व मनाउँछन्", सकरीको मुसहर बस्तीका अगुवा रेबिया सादाले भन्नुभयो, "हामीचैं छोरो पञ्जावबाट फर्केपछि जलसा (उत्सव) मनाउछौं ।" आफ्नो गरिबी र पछौटेपनप्रति सरकार, राजनीतिक दल वा राज्यका अन्य कुनै निकायप्रति कुनै गुनासो नरहेका मुसहर समुदाय आफूलाई भगवानको खटनपटनले नै ठूलाबडाको सेवाका लागि बनाएका विश्वास गर्छन् ।

कुपोषण र खानकै कमीले ५० वर्ष नपुग्दै मृत्युको मुखमा पुग्ने मुसहर मुलुकमा जातीय उत्पीडन र पछौटेपनबाट मुक्तिका लागि भइरहेका जातीय र क्षेत्रीय आन्दोलनबाट बेखबर देखिन्छन् । यो समुदायका नानीहरूको विद्यालय पहुँच छैन ।

जिल्लामा करिब ३५ हजार हाराहारी जनसंख्या रहेको यस समुदायबाट अहिलेसम्म एसइई उत्तीर्ण गर्नेको संख्या अझै ५० ननाघेको त जिल्ला शिक्षा विकास एकाइ कार्यालय महोत्तरीले नै स्वीकार गरेको छ ।

कृषि कार्यका लागि दक्ष जनशक्ति मानिने मुसहर समुदायको पञ्जाव पलायन रोक्न राज्य र संघ संस्थाबाट पहलकदमी नभएको जिल्लाका बुद्धिजीवीले टिप्पणी गरेका छन् ।

## उद्योग वाणिज्य संघ चितवनमा नयाँ नेतृत्व

चितवन (रासस)/उद्योग वाणिज्य संघ चितवनमा नयाँ नेतृत्वले पूर्णता पाएको छ । सोमबार भएको निर्वाचनबाट समितिले पूर्णता पाएको हो । २५ सदस्यीय कार्यसमितिमा १३ जना सर्वसम्मत भएका थिए भने १२ जना मतदानबाट निर्वाचित भएको हो ।

समितिको अध्यक्षमा चुननारायण श्रेष्ठ, वरिष्ठ उपाध्यक्षमा सुमन श्रेष्ठ र उद्योगतर्फको उपाध्यक्षमा चिरञ्जीवी सुवेदी निर्विरोध निर्वाचित भएका छन् । कर्पोरेट उपाध्यक्षमा शिरिष पन्त विजयी भएको छ । उनले शंकर नेपाललाई ४४ मतान्तरले जितेको हो । कर्पोरेट उपाध्यक्षमा राजेन्द्र ओली विजयी भएका छन् । उनले भोजराज कौडाललाई ८९ मतान्तरले जितेका छन् । यस्तै वस्तुगत सदस्यहरूमा गुणराज पौडेल, जनक पौडेल, रवीन्द्रकुमार श्रेष्ठ, सन्तोषजनक भुषाल विजयी भएका छन् । यस्तै वाणिज्यतर्फका छ सदस्यमा थीरप्रसाद धिताल, दीपा शाही, धनप्रसाद पोखरेल, नारायण प्रधान, राजन पिया, ज्ञानुप्रसाद न्यौपाने निर्वाचित भएका छन् ।

फागुन २५ गते भएको मनोनयनमा आवश्यक संख्यामा मात्रै उम्मेदवारी परेपछि संघको कार्यसमिति महिलातर्फ पूर्णिमा श्रेष्ठ, क्षेत्रीयतर्फ रेशमलाल आचार्य, वस्तुगततर्फ डा जीवनकुमार श्रेष्ठ र रजनी मास्के निर्विरोध निर्वाचित भएका छन् । उद्योगतर्फ कार्यसमिति सदस्यमा अशोक अधिकारी, इमान्दु बराल, कृष्णप्रसाद रिजाल, रुद्र सुवेदी, लीलाबहादुर क्षेत्री र योगिता श्रेष्ठ पिया निर्विरोध निर्वाचित भइसकेका छन् ।

संघमा तीन हजार ४३७ मत रहेकामा दुई हजार २०१ जनाले मतदान गरेका थिए । संघका कार्यकारी निर्देशक नीलबहादुर केसीका अनुसार नवनिर्वाचित कार्यसमितिलाई बुधबार पद हस्तान्तरण कार्यक्रम रहेको छ ।

## चिट्ठा परेको लोभमा फस्दा...

काठमाडौँ (रासस)/ चिट्ठा परेको लोभमा फस्दा एक व्यक्तिको रु २९ लाख रकम गुमेको छ ।

ह्वाट्सएप प्रयोगकर्ता जोन लरेन्स नामका व्यक्तिले सामाजिक सञ्जालको माध्यामबाट पीडितलाई ९० लाखको चिट्ठा परेको छ, सुनको सिक्री र दुई लाख पाउण्ड भएको सुटकेस पार्सल पठाएको भन्ने सूचनाका आधारमा लोभिँदा यसरी २९ लाख गुमाउनु परेको हो ।

उक्त सूचनाको प्रमाण खोज्नेतिर नलागी अरुले भनेको कुरालाई विश्वास गर्दा धेरै मानिस ठगीमा पर्ने गरेका छन् ।

यो पनि त्यसैको एउटा निरन्तरता हो । विदेशीको नामको ह्वाट्सएपमार्फत चिट्ठाको सूचना आएलगत्तै पुन: नेपालबाटै प्रताप राना सिंह नामका व्यक्तिले पीडितलाई ह्वाट्स्एपमार्फत फोन गरी पार्सल र चिट्ठा परेको रकम पाउनका लागि कर तिर्नुनपर्ने भनी भ्रामक सूचना दिए ।

पीडितले भने ९० लाख पाउने लोभमा विभिन्न व्यक्तिको नामको बैंक खाताबाट २९ लाख जम्मा गरेपछि ठगीमा परेको पत्ता लागेको प्रहरीले जनाएको छ ।

यसरी ठगी कार्यमा काभ्रेपलाञ्चोक जिल्लाको मण्डनदेउपुर गाउँपालिका-४ घर भई हाल भक्तपुरको थिमी बस्ने वर्ष ३८ का गम्दीप गौतम रहेको खुल्न आएको मानगरीय अपराध महाशाखाले जनाएको छ ।


पीडितको जाहेरीका आधारमा उनलाई सोमबार पक्राउ गरी आवश्यक कानुनी कारबाहीका लागि महानगरीय प्रहरी परिसरमा बुझाएको महाशाखाका प्रहरी उपरीक्षक दिनेशकुमार आचार्यले जानकारी दिए ।


## लाइसेन्स हराएको सूचना

मेरो निम्न व्यहोराको लाइसेन्स २०७८ फागुन २२ गते कान्तिराजपथबाट बुद्धचोक आउने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय अथवा निम्न नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम**: रविन गिरी
**ठेगाना**: हेटौंडा-१६, हटिया
**लाइसेन्स नम्बर**: ०३-०५-००८०१९७४
**फोन**: ९८६०८१२७२०


## ८० प्रतिशतभन्दा बढी बीउबिजन आपूर्ति निजी क्षेत्रबाट



काठमाडौँ(रासस)/मुलुकमा ८० प्रतिशतभन्दा बढी बीउबिजन आपूर्ति निजी क्षेत्रबाट हुने गर्दछ । नेपाल बीउ व्यवसायी संघद्वारा सोमबार यहाँ आयोजित अन्तर्क्रियामा खाद्यान्न बाली बीउमा ८० प्रतिशत र तरकारी बीउमा करिब ९० प्रतिशत आपूर्ति निजी क्षेत्रका विभिन्न बीउबिजन कम्पनीले आयात गरेको जानकारी दिइयो ।

स्थानीय जातका बीउबिजन स्वदेशमै उत्पादन हुने र केही वर्णशंकर जातका बीउ विदेशबाट समेत आयात गरिने गरेको छ । कृषि उत्पादनमा आवश्यक पर्ने कृषि सामग्री, औजार, उपकरणको आपूर्तिमा शतप्रतिशत निजी क्षेत्रको योगदान रहेको जनाइएको छ । कार्यक्रममा कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव गोविन्दप्रसाद शर्माले गुणस्तरीय बीउबिजन उत्पादन गरी कृषकलाई केन्द्रमा राख्नुपर्नेमा जोड दिँदै बीउबिजन बजारीकरणमा रहेका केही नीतिगत समस्या व्यवसायीसँग समन्वय गरी समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे ।

बीउबिजनका क्षेत्रमा क्रियाशील व्यवसायी, विज्ञलगायतले गुणस्तरीय बीउ उत्पादन गर्नुपर्ने सुझाव दिएका थिए । कार्यक्रममा संघका अध्यक्ष वसन्तचन्द्र मरहाले कृषकका साथै व्यवसायीको हितमा काम गर्दै आएको संस्थाले ४६ जिल्लमा कार्यसमिति निर्माण गरेको जानकारी दिए ।

## निजामती कर्मचारी संगठनमा कोइराला

काठमाडौँ (रासस)/ नेकपा (एमाले) निकट नेपाल निजामती कर्मचारी संगठनको सोमबार सम्पन्न दुईदिने ११ औँ राष्ट्रिय अधिवेशनले लेखनाथ कोइरालाका अध्यक्षतामा सर्वसम्मतरूपमा नयाँ नेतृत्व चयन गरेको छ । उनी यसअघि वरिष्ठ उपाध्यक्ष थिए ।

अधिवेशनले उपाध्यक्षमा भवानी दाहाल, रेवन्त गौतम र प्रभास साह, महासचिव: जीवन काफ्ले, उपमहासचिवमा रामचन्द्र अधिकारी, युवाचन्द्र घिमिरे, कृष्णबहादुर केसी र विजया सुवेदी, सचिवहरूमा देवेन्द्र ढकाल, वामदेव ओली, तेजप्रकाश भण्डारी, सूर्यबहादुर कुँवर, पुरुषोत्तम रायमाझी र विष्णुकुमारी अधिकारी र.कोषाध्यक्षमा गणेशप्रसाद आचार्यलाई चयन गरेको छ ।

मुलुकभरबाट करीब एक हजार प्रतिनिधि सहभागी सो अधिवेशनको गत फागुन २८ गते एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले काठमाडौँमा उद्घाटन गरेका थिए । विसं. २०४७ वैशाख ७ गते संगठनको स्थापना भएको थियो ।


**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# काठमाडौं र रसुवाको पोष्टमा आधा दर्जन गोल

साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/ प्रदेश खेलकुद प्रतियोगिताअन्तर्गत् हेटौंडामा जारी पुरुष फुटबलमा सिन्धुलीले काठमाडौंको गोलपोष्टमा आधा दर्जन गोल ठोकेको छ ।

हेटौंडा-५ क्याम्पा रंगशालामा भएको समूह चरणको पहिलो खेलमा सिन्धुली र काठमाडौं आमनेसामने भएका थिए । काठमाडौंविरुद्ध पहिलो हाफमा सिन्धुलीले २ गोल गरेको थियो । दोस्रो हाफमा काठमाडौंको पोष्टमा सिन्धुलीले ४ गोल थप्यो । दोस्रो खेलमा भक्तपुरले रसुवालाई ६-० गोलअन्तरले पराजित गरेको छ । जितसँगै सिन्धुली र भक्तपुर क्वार्टर फाइनलमा प्रवेश गरेका छन् । आज बुधबार दुई वटा खेल हुनेछन् ।

पहिलो खेल धादिङ र काभ्रेपलान्चोकबीच हुनेछ । दोस्रो खेल सिन्धुली र मकवानपुरबीच हुने खेल संयोजक कल्पना शर्माले बताइन् ।

**ब्याडमिन्टनमा चितवन र धादिङ प्रथम**

हेटौंडामा भएको ब्याडमिन्टन प्रतियोगितामा पुरुषतर्फ चितवन प्रथम भएको छ । मंगलबार भएको फाइनल खेलमा ललितपुरलाई ३-१ अंकले हराउदैं चितवन प्रथम भएको हो । दोस्रो स्थानमा ललितपुर, तेस्रो स्थानमा धादिङ र सिन्धुली रहेको खेल संयोजक दीपक थापाले बताए । महिलातर्फ भने धादिङ प्रथम भएको छ । फाइनल खेलमा सिन्धुपाल्चोकलाई ३-२ अंकले पराजित गर्दै प्रथम भएको हो ।

त्यस्तै, दोस्रो स्थान सिन्धुपाल्चोक, तेस्रो स्थान ललितपुर र नुवाकोट भएको ब्याडमिन्टन अफिसियल राम विनय श्रेष्ठले बताए । प्रदेश युवा तथा खेलकुद मन्त्री रत्नप्रसाद ढकालले प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमश: ३०, २४ र १८ हजार नगदसहित मेडल, प्रमाण प्रदान गरेका छन् । यसैगरी प्रतियोगिताअन्तर्गत् चितवनमा भएको महिला क्रिकेटमा काठमाडौं बिजयी भएको छ । चितवनलाई ६४ रनले पराजित गर्दै काठमाडौं विजयी बनेको हो । टस जितेर ब्याटिङ रोजेको काठमाडौंले एक विकेट गुमाएर २० ओभरमा १ सय ६२ रन बनाएको थियो । काठमाडौंको तर्फबाट कञ्चन श्रेष्ठले ७० र अस्मिता खरेलले ४३ रन जोडे ।

चितवनले २० ओभरमा ४ विकेट गुमाएर ९८ रन बनाउन सफल भएको थियो । भरतपुर महानगरपालिकाका मेयर रेणुकुमारी दाहाल, परिषद् सदस्य सचिव सूर्यलाल भण्डारीले बिजेता र उपबिजेतालाई प्रमाणपत्रसहित पुरस्कार वितरण गरेका छन् । पुरुषतर्फको खेल भने बुधबार हुने जनाइएको छ । पहिलो खेल रामेछाप र नुवाकोट र दोस्रो खेल रसुवा र धादिङबीच हुने खेल संयोजक प्रेमबहादुर क्षेत्रीले बताए । पुरुषतर्फ सिन्धुलीले सहभागिता जनाएको छैन ।

# दही चोरेको आरोपमा यातना

रामेछाप/ घरमा कोही नभएको बेला घरभित्र पसेर दही चोरेको आरोप लगाउँदै रामेछापको मन्थली नगरपालिकाकी १२ वर्षीया एक बालिकालाई २० घण्टासम्म बाँधेर यातना दिइएको छ ।

मन्थली-६ चिउरीपानीस्थित ६३ वर्षीय शेरबहादुर श्रेष्ठको घर भित्र पसेर चोरी गरेको भन्दै ती दलित बालिकालाई श्रेष्ठले कुटपिट र यातना दिएका हुन् । श्रेष्ठसहित परिवारका सदस्यले ती बालिकालाई दही चोरेको भन्दै हात पछाडि बाँधेर मंगलबार मध्यान्हसम्म राखेका थिए ।

घटनाबारे जानकारी पाएपछि स्थानीय वडाध्यक्ष गोपाल माझीले जिल्ला प्रहरीमा खबर गरेका थिए । दही चोरेको आरोपसँगै दलित बालिका श्रेष्ठको घरभित्र पसेको हुँदा 'अशुद्ध' भएको भन्दै श्रेष्ठले बालिकालाई कुटेका थिए । साथै उनले रुद्री लगाउने खर्च नदिएसम्म नछोड्ने भन्दै घण्टौंसम्म हात पछाडि थाममा बाँधेर राखेका थिए ।

# बकैयाको निकृष्ट बालश्रम हटाउन नीतिगतपत्र

साझाकुरा संवाददाता



हेटौंडा/मकवानपुरकै दोस्रो बालमैत्री गाउँपालिका बकैयामा निकृष्ट बालश्रम रहेको तथ्य भेटिएपछि न्युनीकरण र रोकथाम गर्न नीतिगत पत्र हस्तान्तरण गरिएको छ ।

बालमैत्री गाउँपालिका घोषणा भएपनि निकृष्ट प्रकारका श्रममा बालबालिका अझै प्रयोग भइरहेको तथ्याङ्क ग्रामीण महिला स्वावलम्बन संस्थाले उल्लेख गरेको छ । संस्थाले निकृष्ट बालश्रम नियन्त्रण र रोकथाम गर्न सुझावसहित नीतिगतपत्र दिएको संस्थाका कार्यक्रम प्रबन्धक सोमबहादुर स्याङ्तानले जानकारी दिए । संस्थाले बकैयामा सञ्चालन गरेको सक्रिय परियोजनाअन्तर्गत् एक सर्वेक्षण गरी समुदायमा निकृष्ट श्रम गर्ने र श्रममा जाने जोखिममा रहेका बालबालिकाको तथ्याङ्क संकलन गरेको थियो ।

संस्थाको अध्ययनले बकैयाको अधिकांश वडाका बालबालिका श्रममा रहेको देखिएको छ । संस्थाका प्रमुख व्यवस्थापक सोमबहादुर स्याङ्तानका अनुसार बकैयामा एकसय ४७ जना बालबालिका श्रममा प्रयोग भएका छन् । ८० जना बालबालिका काठमाडौं, ललितपुर, भक्तपुर, धादिङलगायत जिल्लामा गलैंचा कारखाना र इट्टाभट्टामा श्रमिकको रुपमा कार्यरत् रहेको स्याङ्तानले बताए । होटल, सहचालक, ग्यारेज लगायत क्षेत्रमा ६७ जना बालबालिकाले श्रम गरिरहेको उनको भनाइ छ । परिवार, आफन्त, साथीभाइको लहैलहैमा र परिवारको आर्थिक स्थितिका कारण बालबालिकालाई श्रममा जान बाध्य पारेको स्याङ्तान बताउँछन् ।

श्रममा लाग्ने १४ वर्षदेखि १८ वर्षमुनिका धेरै रहेको र उनीहरु अहिले पनि श्रमिककै रुपमा काम गरिरहेको संस्थाले जानकारी दिएको छ । बालमैत्री गाउँपालिका घोषणा गर्न ३९ वटा सूचकहरु पूरा भएको हुनुपर्दछ । मापदण्डमा १७ वटा सूचक शत्प्रतिशत हासिल गर्नुपर्छ । जसमा २२ वटा सूचक न्यूनतम ८० प्रतिशत हासिल हुनुपर्ने हुन्छ । त्यो सबै मापदण्ड पूरा गरेको भन्दै बकैयाले गतवर्ष २९ माघमा पालिकालाई बालमैत्री घोषणा गरेको थियो ।

संस्थाले बकैया गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पुडासैनीलाई बालश्रमबिरुद्धको नीतिसहित संस्थाका कार्यक्रम प्रबन्धक स्याङ्तानले पत्र हस्तान्तरण गरेका छन् । गाउँपालिकाले उक्त नीति पत्रलाई सहयोगी तथ्याङ्कको रुपमा लिएको भन्दै प्रमुख प्रशासकीय अधिकृत पुडासैनीले सुझावलाई कार्यान्वयन गर्ने प्रतिबद्धता जनाए ।

# मकवानपुरगढीलाई बालमैत्री घोषणा गर्न स्वीकृती माग



साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/ १२ चैतमा बालमैत्री स्थानीय शासन अबलम्ब घोषणा गर्ने तयारी गरेको मकवानपुरगढी गाउँपालिकाले स्वीकृतीका लागि माग गरेको छ ।

गाउँपालिकाले बागमती प्रदेश सरकारसमक्ष जिल्ला समन्वय समिति मकवानपुरमार्फत् बालमैत्री स्थानीयतह घोषणाका लागि स्वीकृति मागेको पालिकाका प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद पुडासैनीले जानकारी दिए । गाउँपालिकाले २७ फागुनमा आठ वटै वडाहरुलाई बालमैत्री घोषणा गरिसकेको छ । गाउँपालिका अध्यक्ष बिदूर हुमागाईले जिसस प्रमुख रघुनाथ खुलाललाई गाउँपालिकाले बालमैत्री घोषणामा अगाडि बढेकाले प्रदेश सरकारलाई स्वीकृतिका लागि सिफारिस गर्न आग्रह गरेका हुन् ।

गाउँपालिका अध्यक्ष हुमागाईले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि २०६८ र घोषणा कार्यविधि २०७० र बालमैत्री स्थानीय शासन निर्देशिका २०७८ बमोजिम आवश्यक ५१ वटा सूचकमध्ये ४० वटा सूचक शत्प्रतिशत र ११ वटा सूचक ८० देखि ९७ दशमलव ९७ प्रतिशतसम्म पूरा भएको जानकारी दिएका थिए । जिसस उपप्रमुख भगवती पुडासैनीको नेतृत्वमा ५ सदस्य अनुगमन समिति गठन गरेर गाउँपालिकाको अनुगमन गरिने भएको छ । अनुगमनपश्चात् प्रदेश सरकारलाई समितिले सिफारिस गर्नेछ ।

गाउँपालिकाले पाँचवर्षे रणनीतिक योजना बनाएर आगामी १२ चैतमा बालमैत्री घोषणा गर्ने तयारी गरेको हो । मकवानपुरगढी मकवानपुरमा बालमैत्री घोषाणा हुने तेस्रो गाउँपालिका हुनेछ । यसअघि मनहरी र बकैया बालमैत्री घोषणा भइसकेका छन् ।

# ज्यामिरेमा वन डढेलो व्यवस्थापन तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/ हेटौंडा-१९ ज्यामिरेस्थित जलेश्वर सामुदायिक वन उपभोक्ता समूहमा वन डढेलो व्यवस्थापन तालिम भएको छ ।

सुख्खायाममा लाग्ने वन डँढेलोलाई कसरी नियन्त्रण गर्ने भन्नेबारे एक दिवसीय तालिम भएको हो । सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरको आयोजना र हेटौंडा उपमहानगरपालिकाको सहयोगमा तालिम दिइएको हो । तालिममा सुन्दर सामुदायिक वन उपभोक्ता समूहका पूर्वअध्यक्ष बुद्धिप्रसाद पौडेलले सहजीकरण गरेका थिए । वन डँढेलोले पुऱ्याउने क्षति, वातावरणीय क्षेति, वन पैदावारमा हुने हानि, वन डँढेलो नियन्त्रण गर्ने उपायलगायतका विषयहरुमा तालिममा सहभागीलाई जानकारी दिइएको थियो ।

सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईको प्रमुख आतिथ्यता तथा स्थानीय महासंघ, हेटौंडाका अध्यक्ष शम्भुप्रसाद न्यौपानेको अध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा हेटौंडा-१९ का वडा सदस्य पूर्णबहादुर ब्लोन, जलेश्वर सामुदायिक वनका अध्यक्ष दोर्जे लामा, सञ्चारकर्मी भीमसेन पौडेल, महासंघका सहजकर्ता सुमित लामा, रुजन ओझा, ज्यामिर शहरी स्वास्थ्य केन्द्रका प्रमुख प्रकाश बर्त्तौलालगायतको उपस्थिति थियो ।

तालिममा जलेश्वर सामुदायिक वनका ४५ जना उपभोक्ताहरुको सहभागिता रहेको थियो । महासंघले सुख्खायाममा लाग्ने वन डँढेलोलाई मध्यनजर गर्दै विभिन्न सामुदायिक वन समूहहरुमा सचेतनामूलक वन डँढेलो व्यवस्थापन तालिम सञ्चालन गर्दै आएको छ ।


राजेन्द्र ढकाल ९८५५०६९०८६

**घर तथा जग्गा भाडामा**

कमाने-८, राजपानीमा रहेको साढे चार कठ्ठा जमिनमा बनेको घरसहित व्यवसायीक प्रयोजनको लागि अतिउपयुक्त रहेकोले ईच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-८, कमाने



**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

*Phone: 057-520315*

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



**कर्मचारी आवश्यकता**

**शुभलक्ष्मी प्रिन्टिङ्ग प्रेस**को लागि कम्प्युटर अपरेटर आवश्यकता परेको हुनाले ईच्छुक महानुभावले सम्पर्क गर्नुहोला ।

**योग्यता:** S.L.C. वा +२ पास गरेको ।

कम्प्युटर In Design चलाउन जान्नेको लागि प्राथमिकता दिइनेछ ।

**तलब:** आपसी समझदारीमा तय गरिनेछ ।

**सम्पर्क:**

९८६५०८९६९२, ०५७-५२४४५५



**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**

हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा

सानोपोखरा, मकवानपुर

९८५५०२७५१२ (अनिष वाग्ले)



**डबल ब्ल्याक खाजा**

**स्वादिष्ट परिकारहरू:**

- बफ म:म:, ससेज, चाउमिन र खाजा सेट
- चिकेन म:म:, ससेज, लेगपिस र चाउमिन
- बफ सुकुटी र छोयला
- हल्का पेय पदार्थ
- भेज चाउमिन



**ओपाज**

कफि पिउँदा

स्कुटी-१ प्लस मोबाइल र नगद रु.५०,०००।-, २०,०००।-, १०,०००।- ३ जनालाई, रु.५,०००।- ३ जनालाई र रु.३,०००।- ५ जनालाई पुरस्कार ।

**डबल ब्ल्याक खाजा**

हेटौंडा-२, चौकीटोल ९८५५०२८१९६, ९८४५०३०३४३

प्रो. भुलेन्द्र प्रसाद श्रेष्ठ, किशोरकुमार ढुङ्गेल



**www.sajhakuranews.com**


साझाकुरा

"तपाईं, हामी सबैको कुरा "

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।








**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**

हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४



स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद

**प्रदेशकै सबैभन्दा ठूलो खेलकुद प्रतियोगिता हेटौंडामा**

यही फागुन २८ गतेबाट सुरु हुन गइरहेको प्रथम प्रदेश खेलकुद प्रतियोगिता हेर्न क्याम्पडाडा खेल मैदान, पिप्ले हेटौंडा जाऔं ।

खेलहरु : फुटवल, भलिवल, क्रिकेट, तेक्वान्दो, करांते, बक्सिङ, एथलेटिक्स र ब्याडमिन्टन

**सञ्चालन हुने खेलहरु र खेलस्थल**

१. **मकवानपुर:** पुरुष फटुबल- मिति २०७८/११/२९ देखि
तेक्वान्दो: मिति २०७८/१२/०५ देखि
ब्याडमिन्टन: २०७८/११२९ देखि

२. **चितवन:** भलिबल- २०७८/११/३० देखि
क्रिकेट: २०७८/११/३० देखि

३. **सिन्धुपाल्चोक:** कराते- २०७८/१२/०७ देखि

४. **काठमाडौं:** एथलेटिक्स- २०७८/१२/०६ देखि

५. **काभ्रेपलाञ्चोक:** महिला फुटबल- २०७८/१२/०७ देखि
बक्सिङ- २०७८/१२/०९ देखि

**उद्घाटन समारोह स्थान :** क्याम्पडाडा खेल मैदान, पिप्ले हेटौंडा

**समय :** यही फागुन २८ गते अपरान्ह ४ बजे

**उद्घाटन कार्यक्रमको आकर्षण :** राष्ट्रिय कलाकारहरुको प्रस्तुती, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र पहरीको प्रर्दशन, तीन सय बढी विद्यार्थीहरुद्धारा ड्रिल कार्यक्रम तथा आताँशवाजीको मज्जा लिन सकिने ।

**सहभागी जिल्लाहरु:** बागमती प्रदेशका १३ जिल्ला

**आयोजक**

प्रदेश खेलकुद विकास परिषद

बागमती प्रदेश





**खुल्यो ! खुल्यो**

नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै

लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद

*अब होटल म्याक्समा*

**होटल MAX**

हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना